# अर्थ बुलेटिन

वर्ष ७ अंक ४ कात्तिक, २०८२

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**



## सम्पादकीय

- चालु आर्थिक वर्षको कात्तिकसम्म आर्थिक परिसूचक सकारात्मक रहेका छन्। कुल राजस्व परिचालन १.० प्रतिशतले बढेको छ भने कुल संघीय खर्च १२.९ प्रतिशतले बढेको छ।
- कुल वस्तु निर्यातमा ७७.५ प्रतिशतको उच्च वृद्धि भएको छ भने वस्तु आयात १८.७ प्रतिशतले बढेको छ। निर्यात-आयात अनुपातमा सुधार भएको छ। कुल व्यापारमा निर्यातको अंश बढेको छ।
- समग्र मूल्यस्तर घटेको छ। २०८२ कात्तिकमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १.११ प्रतिशत रहेको छ।
- वैदेशिक रोजगारमा जान श्रम स्वीकृति (नयाँ र पुनः श्रम स्वीकृति) लिने नेपाली कामदारको संख्या १३.३ प्रतिशतले बढेको छ भने विप्रेषण आप्रवाहमा ३१.४ प्रतिशतले बढेको छ।
- चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा छन्। विदेशी मुद्रा सञ्चितिमा निरन्तर वृद्धि भएको छ। फलस्वरुप, हाल कायम रहेको विदेशी मुद्रा सञ्चिति १७.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।
- वित्तीय क्षेत्रका परिसूचक सामान्य रहेका छन्। ब्याजदर घटेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.९ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय क्षेत्रमा निष्कृय कर्जा भने बढ्दै गएको छ। कर्जा प्रवाहलाई उत्पादनमूलक र रोजगारी सिर्जना गर्ने क्षेत्रमा प्रवाहित गर्न र निष्कृय कर्जालाई घटाउने चुनौती भने यथावत नै छ।
- सन् २०२५ को नोभेम्बरसम्म नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या वृद्धि भएको छ। बीमाको दायरा तथा प्रिमियम सङ्कलन बढेको छ। नेप्से सूचकाङ्क भने केही घटेको छ।
- समग्रमा आर्थिक कृयाकलाप विस्तार भएका छन।

**प्रकाशन तथा सम्पादन**


आर्थिक नीति विश्लेषण महाशाखा

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### सार्वजनिक वित्त

१. चालु आर्थिक वर्षको कात्तिकसम्म कुल संघीय सरकारी खर्च तथा कुल राजस्व सङ्कलन वृद्धि भएको छ। कुल राजस्व सङ्कलनभन्दा कुल संघीय सरकारी खर्च बढी भएकोले संघीय सरकारको वित्त घाटा (राजस्व तथा खर्चबीचको अन्तर) वृद्धि भएको छ।

**चार्ट (क) संघीय सरकारको सार्वजनिक वित्त सम्बन्धी सूचकको अवस्था (रु. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### संघीय सरकारी खर्च

२. सार्वजनिक खर्च वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को कात्तिक महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.४ खर्ब १५ अर्ब २ करोडको तुलनामा १२.९ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ६८ अर्ब ८९ करोड पुगेको छ।

३. यस अवधिको कुल संघीय खर्चमध्ये चालु खर्च ६८.५ प्रतिशत, पुँजीगत खर्च ५.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च २६.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ७०.५ प्रतिशत, ८.३ प्रतिशत र २१.२ प्रतिशत रहेको थियो।

**तालिका (क): पछिल्लो ५ वर्षको कात्तिकसम्मको खर्च स्थिति (रु. करोडमा)**


| शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | २३३५०.७९ | २८१३८.६१ | २७११७.४७ | २९२५२.६७ | ३२०९९.२२ |
| पुँजीगत | २०७९.२१ | २६२९.६१ | २९९८.९४ | ३४५३.१ | २५३१.३४ |
| वित्तीय व्यवस्था | ३३२३.९२ | ४३३०.५१ | ५४४६.९९ | ८७९६.२४ | १२२५८.३८ |
| **जम्मा** | **२८७५३.९२** | **३५०९८.७३** | **३५५६३.४०** | **४१५०२.०१** | **४६८८८.९४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको पहिलो ४ महिनामा चालु खर्च ९.७ प्रतिशतले बढेकोमा वित्तीय व्यवस्थातर्फको खर्च ३९.६ प्रतिशतले बढेको छ। यस अवधिमा पुँजीगत खर्च भने २६.७ प्रतिशतले घटेको छ। बहुवर्षीय बजेट प्रणाली कार्यान्वयनमा रहेपनि आर्थिक वर्षका शुरुका महिनाहरुमा चाडपर्व, ठेक्का प्रकृयामा हुने ढिलाई लगायतका कारण पूँजीगत खर्च कम हुने प्रवृत्ति रोकिएको छैन। साथै, पछिल्ला राजनीतिक घटनाक्रमले पुँजीगत खर्चमा समेत प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पारेकाले कात्तिकसम्मको संघीय पुँजीगत खर्च न्यून भएको हो।

**चार्ट (ख): पछिल्लो दश आर्थिक वर्षको कात्तिकसम्मको खर्च संरचना**

(संघीय खर्चको प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

५. पछिल्ला वर्षमा वित्तीय व्यवस्थातर्फको खर्च उच्चदरले बढेको छ। भूकम्प पछिको पूनर्निर्माण, संघीयता कार्यान्वयनका क्रममा गरिएका भौतिक संरचना निर्माण, कोभिड-१९ को महामारी नियन्त्रणमा भएको खर्च लगायतका क्षेत्रमा ठूलो रकम खर्चिनु परेको र उक्त कार्यका लागि लिएको ऋणको सावाँ चुक्ता गर्नु परेकोले यस्तो खर्च बढेको हो।

६. चालु आर्थिक वर्षको कात्तिकसम्मको खर्चलाई आधार मान्दा असोज महिनाको खर्चभार सबैभन्दा बढी रहेको छ। असोजमा मात्र कुल खर्चको ३९.३ प्रतिशत खर्च भएको छ। सबैभन्दा कम साउनमा ९.९ प्रतिशत खर्च भएको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको कात्तिकसम्मको मासिक खर्चको विवरण (रु. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१०.०० | ४६३०.६१ | ०.०९९ |
| भदौ | ९५७०.७४ | ५६२.७० | ३२५२.९९ | १३३८६.४३ | ०.२८५ |
| असोज | १४२६१.८८ | १२८३.०१ | २८९७.०१ | १८४४१.९० | ०.३९३ |
| कात्तिक | ६४१८.६२ | ६१३.०० | ३३९८.३८ | १०४३०.०० | ०.२२२ |
| **जम्मा** | **३२०९९.२२** | **२५३१.३४** | **१२२५८.३८** | **४६८८८.९४** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

## राजस्व परिचालन

७. राजस्व सङ्कलनमा सामान्य वृद्धि भएको छ। चालु आर्थिक वर्षको कात्तिकसम्म संघीय सरकारको कुल राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको रु.३ खर्ब २३ अर्ब २४ करोडको तुलनामा १.० प्रतिशतले बढेर रु.३ खर्ब २६ अर्ब ५५ करोड पुगेको छ। यस अवधिमा कर राजस्व सङ्कलन ५.९ प्रतिशतले बढेको छ भने गैर-कर राजस्व ४१.० प्रतिशतको उच्च दरले घटेको छ। सार्वजनिक संस्थानबाट शुल्क, लाभाँश तथा दस्तुर लगायतका रकम प्राप्त नहुँदा गैर-कर राजस्व रकम न्यून भएको हो। यस अवधिमा राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रु.३ खर्ब २९ अर्ब ५१ करोड पुगेको छ।

८. गैर-कर राजस्वमा आएको उच्च कमीको कारण कुल राजस्वमा कर राजस्वको योगदान बढेको छ। यस अवधिमा सङ्कलित कुल राजस्व रकममध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ९४.० प्रतिशत र ६.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ८९.७ प्रतिशत र १०.३. प्रतिशत रहेको थियो।


**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| कर | ३०५३९.८५ | २४५७८.६८ | २५४३०.२२ | २८९९० | ३०६८९.२१ |
| गैर कर | २८९१.५४ | २२२८.४९ | २२३३.७८ | ३३३४.०५ | १९६५.८१ |
| **कुल राजस्व** | **३३४३१.३९** | **२६८०७.१७** | **२७६६४.००** | **३२३२४.००** | **३२६५५.०२** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

९. पछिल्लो ५ आर्थिक वर्षको कात्तिकसम्मको राजस्व सङ्कलन स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७८/७९ मा ३९.२ प्रतिशतको उच्च वृद्धि भएको राजस्व सङ्कलन आर्थिक वर्ष २०७९/८० मा बाह्यक्षेत्र सुधारका लागि चालिएका कदमबाट प्रभावित भई १९.८ प्रतिशतले सङ्कुचन भएको थियो। तत्पश्चातका आर्थिक वर्षको कात्तिक महिनासम्म भने राजस्व वृद्धिदर सुधार हुँदै गएको देखिन्छ। चालु आर्थिक वर्षमा राजस्व सङ्कलन सिमान्त दरले मात्र बढेको छ।


**चार्ट (ख): पछिल्लो ५ आर्थिक वर्षको कात्तिकसम्मको राजस्व सङ्कलनको प्रवृत्ति** (रू. करोडमा)





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

१०. चालु आर्थिक वर्षको पहिलो चार महिनाको कुल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान सबैभन्दा बढी ३२.८ प्रतिशत र शिक्षा सेवा शुल्कको योगदान सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त शीर्षकको राजस्व योगदान क्रमश ३०.६ प्रतिशत र ०.४ प्रतिशत रहेको थियो।

**चार्ट (ग): पछिल्लो २ आर्थिक वर्षको कात्तिकसम्म सङ्कलित राजस्वको संरचना**




**आ.व. २०८१/८२**




**आ.व. २०८२/८३**

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

११. चालु आर्थिक वर्षको कात्तिकसम्म आयकर शीर्षक र यस अन्तर्गतका आयकर एवम् ब्याजकर उपशीर्षक तथा गैर-कर राजस्व बाहेक अन्य राजस्व शीर्षकमा राजस्व सङ्कलन बढेको छ। यस अवधिमा शिक्षा सेवा शुल्क सङ्कलन ५८.४ प्रतिशतको उच्चदरले बढेको छ भने अन्तःशुल्क सङ्कलन १२.१ प्रतिशत, भन्सार महशुल १०.३ प्रतिशत र मूल्य अभिवृद्धि कर ८.५ प्रतिशतले बढेको छ।

१२. यस अवधिमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या वृद्धि भए तापनि आयकर सङ्कलन घट्नाले आर्थिक गतिविधि सुस्त रहेको, करमुक्ति योजना (Tax planning), कर छली (tax evasion) लगायतका कृयाकलाप विद्यमान रहेको आँकलन गर्न सकिन्छ। सोको निराकरणका लागि लगानी तथा व्यवसायमैत्री वातावरण निर्माण गर्ने, प्रभावकारी बजार अनुगमन र अनुसन्धानमा जोड दिनुपर्ने देखिन्छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको कात्तिकसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ कात्तिक सम्मको सङ्कलन | आ.व.२०८२/८३ कात्तिकसम्मको लक्ष्य | सङ्कलन | कात्तिकसम्मको लक्ष्यको तुलनामा सङ्कलन प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | ३०७३६.२३ | ६,७६०.९१ | ९,६९२.५२ | ७,४५९.०८ | ७७.० | १०.३ |
| **मूल्य अभिवृद्धि कर** | **३८६५२.००** | **९,८७५.९६** | **१२,५२८.५१** | **१०,७११.४६** | **८५.५** | **८.५** |
| उत्पादन, बिक्री, सेवा | १६४३६.६६ | ४,१४५.६० | ४,८७७.५७ | ४,४९२.१६ | ९२.१ | ८.४ |
| पैठारी | २२२१५.३४ | ५,७३०.३६ | ७,६५०.९४ | ६,२१९.२९ | ८१.३ | ८.५ |
| **अन्तःशुल्क** | **१९४९६.१६** | **५,५३१.५०** | **६,७६२.५३** | **६,२०१.०६** | **९१.७** | **१२.१** |
| आन्तरिक उत्पादन | १४१८०.५८ | ३,९५५.५७ | ४,६७८.३१ | ४,४४४.०६ | ९५.० | १२.३ |
| पैठारी | ५३१५.५८ | १,५७५.९४ | २,०८४.२२ | १,७५७.०० | ८४.३ | ११.५ |
| **शिक्षा सेवा शुल्क** | **४६५.७६** | **१२७.७५** | **१६१.७७** | **२०२.३७** | **१२५.१** | **५८.४** |
| **आयकर** | **३९०७०.८१** | **६,६९३.८३** | **९,३२३.४६** | **६,११५.२५** | **६५.६** | **-८.६** |
| आयकर | ३४०६२.३० | ५,२८३.७४ | ६,९१६.२२ | ४,९२३.५० | ७१.२ | -६.८ |
| ब्याज कर | ५००८.५१ | १,४१०.०९ | २,४०७.२३ | १,१९१.७५ | ४९.५ | -१५.५ |
| **कर राजस्व जम्मा** | **१२८४२०.९६** | **२८९८९.९५** | **३८४६८.७९** | **३०६८९.२१** | **७९.८** | **५.९** |
| **गैर कर जम्मा** | **१३५०९.३४** | **३,३३४.०५** | **४,०५४.३८** | **१,९६५.८१** | **४८.५** | **-४१.०** |
| **कूल राजस्व** | **१४१९३०.३०** | **३२३२४.००** | **४२५२३.१७** | **३२६५५.०२** | **७६.८** | **१.०** |
| **अन्य प्राप्ति** | **०.००** | **५७७.५५** | **०.००** | **२९६.४३** | | **-४८.७** |
| **जम्मा राजस्व/प्राप्ति** | **१४१९३०.३०** | **३२९०१.५६** | **४२५२३.१७** | **३२९५१.४४** | **७७.५** | **०.२** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निर्यात, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

१३. यस अवधिमा शिक्षा सेवा शुल्क लक्ष्यभन्दा बढी सङ्कलन भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७६.८ प्रतिशत रहेको छ। जसमध्ये कर राजस्व सङ्कलन लक्ष्यको ७९.८ प्रतिशत रहेको छ भने गैरकर राजस्व सङ्कलन ४८.५ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको कात्तिकसम्म सङ्कलित कुल राजस्व वार्षिक लक्ष्यको २२.१ प्रतिशत रहेको छ।

## संघीय राजस्व

१४. चालु आर्थिक वर्षको कात्तिकसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू.२ खर्ब ८१ अर्ब ७५ करोडको तुलनामा ०.२ प्रतिशतले कमी आई रू.२ खर्ब ८१ अर्ब ८ करोड रहेको छ। गैर-कर राजस्व र आयकर सङ्कलन घटेकोले सो को प्रभाव संघीय राजस्वमा प्रत्यक्ष परेको छ।

१५. यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व भने ९.६ प्रतिशतले वृद्धि भई रु.४५ अर्ब ४७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रु.४१ अर्ब ५० करोड रहेको थियो।

## करको दायरा विस्तार

१६. स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेको छ। २०८२ कात्तिकसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ७२ लाख १८ हजार ९ सय ३१ पुगेको छ। यस अवधिसम्म दर्ता कायम रहेका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको

सङ्ख्या ७०.५ प्रतिशत रहेको छ। त्यसैगरी, व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २९.० प्रतिशत र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ६० हजार २ सय ७५ र अन्तःशुल्कमा दर्ता भएका करदाताको सङ्ख्या १ लाख २८ हजार ६ सय २३ पुगेको छ।

तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८२ असारसम्म | २०८१/८२ कात्तिकसम्म | २०८२/८३ कात्तिकसम्म | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०७५८ | ३६२८४ | ३४९१४ | २०९५६७२ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं | ३५८७० | ८७५ | ५९७ | ३६४६७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | १९५७०७ | १८४०७० | ५०८६७९२ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९९९३५०** | **२३२८६६** | **२१९५८१** | **७२१८९३१** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | ८०८२ | ८५४० | ३६०२७५ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ३८३३ | ३६२६ | १२८६२३ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८२।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता

१७. वैदेशिक सहायता प्रतिबद्धता घटेको छ। चालु आर्थिक वर्षको कात्तिकसम्म वैदेशिक सहायता प्रतिबद्धता रु.१५ अर्ब १० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु.६६ अर्ब ७६ करोड रहेको थियो। यस अवधिको कुल सहायता प्रतिबद्धतामध्ये शतप्रतिशत अनुदान रहेको छ।

१८. कुल सहायता प्रतिबद्धतामध्ये सबैभन्दा बढी ४५ प्रतिशत ऊर्जा क्षेत्रमा र सबैभन्दा कम प्रतिवद्धता शिक्षा क्षेत्रमा रहेको छ। चीन सरकारले स्वास्थ्य क्षेत्र र मानव संशाधन विकास क्षेत्रमा थप सहायता गर्ने प्रतिबद्धता जनाएको छ ।

चार्ट (घ): चालु आर्थिक वर्षको कात्तिकसम्म प्राप्त विकास सहायता प्रतिबद्धता (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय, २०८२।

१९. यस अवधिमा प्राप्त कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी जर्मन सरकारबाट ४५.१ प्रतिशत प्राप्त भएको छ भने बाँकी सहायता प्रतिवद्धता जाइका, विश्व खाद्य कार्यक्रम, युरोपेली युनियन, कोइका लगायतबाट प्राप्त भएको छ।

## ऋण

२०. सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋणमा वृद्धि भएको छ। २०८२ कात्तिकसम्म संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण गत वर्षको सोही अवधिको तुलनामा ८.४ प्रतिशतले वृद्धि भई रू.२७ खर्ब २९ अर्ब ४२ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको ४४.६९ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४६.७ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ। २०८१ कात्तिक मसान्तमा यस्तो हिस्सा क्रमशः ४९.७ प्रतिशत र ५०.३ प्रतिशत रहेको थियो।

२१. चालु आर्थिक वर्षको कात्तिकसम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. १ खर्ब १२ अर्ब २६ करोड र बाह्य ऋणतर्फ रु.१५ अर्ब ३५ करोड गरी जम्मा रु. १ खर्ब २७ अर्ब ६१ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋणतर्फ रु.१९ अर्ब ४० करोड र

बाह्य ऋणतर्फ रु.३ अर्ब ८८ करोड गरी कुल रु.२३ अर्ब २८ करोड ब्याज भुक्तानी भएको छ। समग्रमा सावाँ र ब्याज समेत गरी यस अवधिको कुल ऋण सेवा खर्च रु.१ खर्ब ५० अर्ब ८९ करोड रहेको छ।

२२. चालु आर्थिक वर्षको कात्तिकसम्म आन्तरिक ऋणतर्फ रु. १ खर्ब २० अर्ब र बाह्य ऋणतर्फ रु.१८ अर्ब ७५ करोड गरी कुल रु.१ खर्ब ३८ अर्ब ७५ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा आन्तरिक ऋणतर्फ रु.१ खर्ब ४४ अर्ब र बाह्य ऋणतर्फ रु.२१ अर्ब ७२ करोड गरी कुल रु.१ खर्ब ६५ अर्ब ७२ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको थियो।

## वित्तीय क्षेत्र

२३. बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप बढेको छ भने निक्षेप र कर्जाको ब्याजदर घटेको छ। यस अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेको छ।

२४. २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २०८२ कात्तिक मसान्तमा ३.१ प्रतिशतले बढेर रु.७४ खर्ब ८६ अर्ब २५ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो निक्षेप २.३ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.४ प्रतिशतले वृद्धि भएको छ।

२५. २०८२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा १.२ प्रतिशतले बढेर रु.५५ खर्ब ६२ अर्ब ७५ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो कर्जा २०८१ असार मसान्तको तुलनामा २.५ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.९ प्रतिशतले बढेको छ।

२६. यस अवधिमा भएको कर्जा प्रवाहमध्ये उपभोगमा आधारित ऋण (Consumable loan) को हिस्सा सबैभन्दा बढी २०.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम ऋण प्रवाह स्थानीय तहमा भएको छ।

तालिका (च): चालु आर्थिक वर्षको कात्तिकसम्म बैंक तथा वित्तीय क्षेत्रबाट प्रवाह भएको क्षेत्रगत कर्जा प्रवाहको अवस्था (कुल कर्जाको प्रतिशतमा)

| कर्जा प्रवाह भएको क्षेत्र | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ |
|---|---|---|---|---|---|
| कृषि | ७.८६ | ८.३४ | ८.२५ | ७.८५ | ७.२१ |
| खनिज | ०.२० | ०.२१ | ०.२२ | ०.२७ | ०.२० |
| उत्पादन | १५.३३ | १५.५७ | १६.०० | १५.९७ | १५.९७ |
| निर्माण | ५.१६ | ४.०९ | ४.३४ | ४.०१ | ४.२३ |
| स्टील उत्पादन, मेसिनरी तथा विद्युतीय सामाग्री उत्पादन तथा फिटिङ्ग | १.६२ | १.५९ | १.३८ | १.४१ | १.३४ |
| यातायातका साधन उत्पादन तथा फिटिङ्ग | १.२३ | १.१७ | १.०१ | ०.९८ | ०.९५ |
| यातायात, सञ्चार तथा सार्वजनिक सेवा | ५.८५ | ६.३० | ७.४१ | ८.१७ | ८.६९ |
| थोक तथा खुद्रा व्यापार | २०.१६ | २०.३० | १९.९८ | १९.३० | १८.३८ |
| वित्त, बीमा तथा स्थिर लगानी | ७.९६ | ७.७३ | ७.२९ | ७.६५ | ७.६१ |
| सेवामूलक उद्योग | ८.३४ | ८.५७ | ८.४९ | ८.४३ | ८.६७ |
| उपभोगको लागि ऋण | १६.०८ | १८.७१ | १९.०६ | १९.६६ | २०.७६ |
| स्थानीय सरकार | ०.०३ | ०.०२ | ०.०२ | ०.०२ | ०.०२ |
| अन्य | १०.१९ | ७.४१ | ६.५५ | ६.२८ | ५.९७ |
| **जम्मा** | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

श्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

२७. २०८१ कात्तिकमा वाणिज्य बैंकको निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर क्रमशः ५.०१ प्रतिशत र ९.०७ प्रतिशत रहेकोमा २०८२ कात्तिकमा क्रमशः ३.७४ प्रतिशत र ७.३८ प्रतिशतमा झरेको छ।

२८. २०८२ कात्तिक मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। सबै स्थानीय तहहरुमा वाणिज्य बैङ्कका शाखा पुगेको छ। बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ कात्तिक मसान्तमा ११ हजार ५ सय ४२ रहेकोमा २०८२ को सोहि अवधिमा ११ हजार ५ सय १६ रहेको छ। यस अवधिमा एटिएम बुथको सङ्ख्या भने ४४ ले थप भई ५२६८ पुगेको छ।


२९. बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा बढेको छ भने विपन्न क्षेत्र कर्जा घटेको छ। २०८१ कात्तिकमा कुल कर्जाको ४.४२ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ कात्तिकमा ५.२६ प्रतिशत पुगेको छ। त्यसैगरी, २०८१ कात्तिकमा विपन्न क्षेत्र कर्जा कुल कर्जा लगानीको ६.१७ प्रतिशत रहेकोमा २०८२ कात्तिकमा ५.३६ प्रतिशत रहेको छ।

## समग्र मूल्य स्थिति

३०. समग्र मूल्यस्तरमा कमी आएको छ। २०८२ कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १.११ प्रतिशत रहेको छ। २०८१ कात्तिकमा यस्तो मुद्रास्फीति ५.६० प्रतिशत रहेको थियो। कुल वस्तु आयातको करिब ५५.४ प्रतिशत हिस्सा भारतबाट हुने भएकोले भारतको मुद्रास्फीतिको प्रत्यक्ष प्रभाव नेपालको मूल्यस्तरमा समेत पर्ने गरेको छ। विगत पाँच वर्षमा अगस्ट देखि नोभेम्बरसम्मको औसत मुद्रास्फीति विश्लेषण गर्दा सन् २०२४ मा नेपालको यस्तो मुद्रास्फीति भारतको तुलनामा कम रहेको थियो भने अन्य वर्षमा बढी रहेको छ। सन् २०२५ अगस्ट देखि नोभेम्बरसम्म भारतमा औसत उपभोक्ता मुद्रास्फीति १.१४ प्रतिशत रहेकोमा सो अवधिमा नेपालको यस्तो मुद्रास्फीति १.५३ प्रतिशत रहेको छ।

३१. २०८२ कात्तिक महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.३२ प्रतिशतले नकारात्मक रहेको छ भने गैर खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६९ प्रतिशतले वृद्धि भएको छ।

**चार्ट (ङ): पछिल्लो ५ वर्षको कात्तिक सम्मको मासिक उपभोक्ता मुद्रास्फीति** (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

## मुद्राप्रदाय

३२. आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा विस्तृत मुद्राप्रदाय (एम$_2$) ३.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा पनि यस्तो मुद्राप्रदाय ३.० प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा, २०८१ कात्तिक मसान्तको तुलनामा २०८२ कात्तिक मसान्तमा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको छ।

३३. वार्षिक बिन्दुगत आधारमा सङ्कुचित मुद्राप्रदाय २०८२ कात्तिक मसान्तमा १२.८ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय २.२ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

३४. चालु आर्थिक वर्षको कात्तिकसम्म कुल वस्तु व्यापार २४.२ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब २ अर्ब ९५ करोड पुगेको छ। वस्तु आयात र वस्तु निर्यात दुवै बढेका छन्। पछिल्लो पाँच आर्थिक वर्षको पहिलो चार महिनासम्म भएको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा मुलुकको कुल वस्तु निर्यात घटेकोमा चालु आर्थिक वर्षमा ७७.५ प्रतिशतको उच्च दरले बढेको छ। फलस्वरुप, निर्यात-आयात अनुपात १५.३ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १३.३ प्रतिशत पुगेको छ।

३५. यस अवधिको कुल व्यापारमा भारत, चीन र अन्य मुलुकको हिस्सा क्रमशः ५९.० प्रतिशत, १८.९ प्रतिशत र २२.१ प्रतिशत रहेको छ। यस अवधिसम्म भारततर्फको निर्यातमा उल्लेख्य वृद्धि भएको भएपनि चीनतर्फको निर्यातमा गिरावट आएको छ। अन्य मुलुक तर्फको निर्यातमा भने न्यून दरले वृद्धि भएको छ।

**तालिका (छ): पछिल्लो पाँच आर्थिक वर्षको कात्तिकसम्मको वस्तु व्यापारको विवरण (रु. करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वस्तु आयात | ६५०२९.२२ | ५३२६९.२ | ५१२५०.३२ | ५१३३८.७२ | ६०९४५.३६ |
| वस्तु निर्यात | ८२१२.३६ | ५४७७.४५ | ५०५६.४६ | ५२६७.०० | ९३४९.४८ |
| कुल व्यापार | ७३२४१.५८ | ५८७४६.६५ | ५६३०६.७८ | ५६६०५.७२ | ७०२९४.८४ |
| **व्यापार घाटा** | **५६८१६.८६** | **४७७९१.७५** | **४६१९३.८६** | **४६०७१.७२** | **५१५९५.८८** |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | १०.० | १२.६ | १०.३ | ९.९ | १०.३ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ९.१ | ११.२ | ९.३ | ९.० | ९.३ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९०.९ | ८८.८ | ९०.७ | ९१.० | ९०.७ |

स्रोतः भन्सार विभाग, २०८२।

## वस्तु निर्यात

३६. आर्थिक वर्ष २०८२/८३ को कात्तिकसम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७७.५ प्रतिशतले वृद्धि भई रु. ९३ अर्ब ४९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ४.२ प्रतिशतले बढेर रु.५२ अर्ब ६७ करोड पुगेको थियो। यस अवधिमा कारोवार मूल्यका आधारमा भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, अलैंची र सूर्यमुखीको प्रशोधित तेलको निर्यात उच्च दरले बढेको छ साथै, जुटका बुनिएका कपडा, फलफुलको जुस, जमोठ कपडा लगायतका वस्तुको निर्यातमा समेत वृद्धि भएको छ। यस अवधिमा उनी गलैंचा कार्पेट, तयारी कपडा, फलामे पाता लगायतका वस्तुको निर्यात घटेको छ।

**तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको कात्तिकसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति**

(रु. करोडमा)

| वस्तु | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ३४१.०० | ३८४३.०३ | १०२७.० |
| सेन्थेटिक यार्न | ४१९.८२ | ४२२.३५ | ०.६ |
| अलैंची | १९०.११ | ३९७.४४ | १०९.१ |
| उनी गलैंचा कार्पेट | ३६०.०९ | ३२७.५६ | -९.० |
| तयारी कपडा | ३१३.३० | २८९.७६ | -७.५ |
| सुर्यमुखिको प्रशोधित तेल | १५०.५२ | २७३.२९ | ८१.६ |
| फलफुलको जुस | २३७.३४ | २६०.१७ | ९.६ |
| प्रशोधित पाम तेल | ५२.५९ | २३६.५७ | ३४९.८ |
| जुटका बुनिएका कपडा | १८६.३० | २२४.९२ | २०.७ |
| जमोठ कपडा | १९७.४६ | २१५.३३ | ९.० |
| अन्य | २८१८.४७ | २८५९.०६ | १.४ |
| **जम्मा** | ५२६७.०० | ९३४९.४८ | ७७.५ |

स्रोतः भन्सार विभाग, २०८२।

३७. यस अवधिमा भारततर्फ भएको निर्यातको अंश तीन चौथाई भन्दा बढी रहेको छ। यस अवधिको कुल वस्तु निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ८१.८ प्रतिशत, ०.३ प्रतिशत र १७.९ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६७.९ प्रतिशत, १.३ प्रतिशत र ३०.८ प्रतिशत रहेको थियो।

३८. यस अवधिको निर्यातमा सबैभन्दा बढी अंश रहेको प्रशोधित भटमासको तेल भारततर्फ निर्यात भएकाले भारततर्फको कुल निर्यातमा ११३.९ प्रतिशतको उच्च दरले वृद्धि भएको छ। अन्य मुलुकतर्फ भएको निर्यात २.९ प्रतिशतले बढेको छ भने चीनतर्फको निर्यातमा ५६.२ प्रतिशतले गिरावट आएको छ।

३९. यस अवधिको कुल निर्यातमा प्रमुख १० वस्तुको निर्यातको अंश ६९.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको कात्तिक मसान्तसम्म भएको कुल निर्यातमा यस्ता वस्तुको अंश ४६.५ प्रतिशत रहेको थियो।

४०. चालु आर्थिक वर्षको कात्तिकसम्म निर्यात भएका वस्तुमध्ये सबैभन्दा बढी हिस्सा भटमासको तेल प्रशोधित तेलको (४१.१ प्रतिशत) रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त वस्तु निर्यातको हिस्सा ६.५ प्रतिशत रहेको थियो।

## वस्तु आयात

४१. आर्थिक वर्ष २०८२/८३ को कात्तिकसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.७ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ९ अर्ब ४५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ०.२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब १३ अर्ब ३९ करोड रहेको थियो।

४२. यस अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कारोवार मूल्यका आधारमा सुन, भटमासको कच्चा तेल र डीएपी मलको आयात उच्च दरले बढेको छ। साथै, मोवाइल/टेलिफोन, डिजेल, तयारी कपडा, शुद्ध फलाम लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा एच.आर.सिट, एल.पि. ग्यास, हिरा लगायतका वस्तुको आयात घटेको छ।

४३. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ५५.४ प्रतिशत, २१.८ प्रतिशत र २२.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६१.७ प्रतिशत, २०.१ प्रतिशत र १८.२ प्रतिशत रहेको थियो।

४४. यस अवधिमा भारत, चीन र अन्य देशहरूतर्फको आयातमा क्रमशः ६.६ प्रतिशत, २८.५ प्रतिशत र ४८.९ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (झ): पछिल्लो दुई आर्थिक वर्षको कात्तिकसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति**

(रु. करोडमा)

| वस्तु | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल कच्चा | ७२१.०६ | ३७९६.४३ | ४२६.५ |
| डिजेल | २९०४.२१ | ३१८९.१६ | ९.८ |
| पेट्रोल | २१५६.२९ | २२३७.२८ | ३.८ |
| एल पि ग्यास | १८८५.९४ | १८०८.३६ | -४.१ |
| डीए पी मल | ३८२.९१ | १७१५.७४ | ३४८.१ |
| शुद्ध फलाम | १५९६.९३ | १७०५.३ | ६.८ |
| तयारी कपडा | १५१२.८४ | १६५४.२७ | ९.३ |
| मोवाइल टेलिफोन | १४११.५१ | १६४०.१४ | १६.२ |
| सुन | २४९.०५ | १६२३.४१ | ५५१.८ |
| एच.आर.सिट | १४७०.७८ | १२२८.३२ | -१६.५ |
| अन्य | ३७,०४७.२१ | ४०,३४६.९५ | ८.९ |
| **जम्मा** | **५१३३८.७३** | **६०९४५.३६** | **१८.७** |

स्रोतः भन्सार विभाग, २०८२।

४५. चालु आर्थिक वर्षको कात्तिकसम्म आयात भएका प्रमुख १० वस्तुको कुल आयातमा अंश ३३.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको कुल आयातमा अंश २७.८ प्रतिशत रहेको थियो। यस अवधिमा सबैभन्दा बढी आयात भएको कच्चा भटमासको तेलको कुल आयातमा अंश ६.२ प्रतिशत रहेको छ। यस अवधिमा रु.३७ अर्ब ९६ करोड बराबरको कच्चा भटमासको तेल आयात भएको छ भने रु.३८ अर्ब ४३ करोड बराबरको प्रशोधित भटमासको तेल निर्यात भएको छ।


## व्यापार घाटा

४६. व्यापार घाटा वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को कात्तिकसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.० प्रतिशतले वृद्धि भई रु. ५ खर्ब १५ अर्ब ९६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ०.३ प्रतिशतले सुधार भएको थियो।

४७. चालु आर्थिक वर्षको पहिलो चार महिनामा भारतसँगको व्यापार घाटामा ७.० प्रतिशतले सुधार भएको छ भने चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः २९.० प्रतिशत र ५८.६ प्रतिशतले बढेको छ।

४८. विगत पाँच आर्थिक वर्षको व्यापार घाटा विश्लेषण गर्दा कोभिड -१९ को कारण गरिएको बन्दाबन्दी हटेपछि अर्थतन्त्र सुचारू हुनासाथ आयात उच्चदरले बढ्दा आर्थिक वर्ष २०७८/७९ को कात्तिकसम्मको वस्तु व्यापार घाटा उच्च दरले बढेको थियो। तत्पश्चात्का वर्षमा यस्तो व्यापार घाटा क्रमशः सुधार भएको थियो।


**चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको कात्तिकसम्मको वस्तु व्यापार घाटाको स्थिति** (रु. अर्बमा)




स्रोतः भन्सार विभाग, २०८२।

४९. कुल वस्तु व्यापारमा निर्यातको अंश बढेको छ। चालु आर्थिक वर्षको कात्तिकसम्मको कुल वस्तु व्यापारमा निर्यातको हिस्सा १३.३ प्रतिशत पुगेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा यस अघि यस्तो अंश आर्थिक वर्ष २०७८/७९ मा सबैमन्दा बढी ११.२ प्रतिशत पुगेको थियो। गत आर्थिक वर्षदेखि निर्यातमा भएको उल्लेख्य सुधार चालु आर्थिक वर्षको यस अवधिसम्म पनि निरन्तर रहेकोले कुल व्यापारमा वस्तु निर्यातको अंश क्रमशः बढ्दै गएको छ। यद्यपि, सीमित वस्तुको निर्यात मात्र उल्लेख्य बढेको कारण निर्यात वृद्धिको दिगोपनाको चुनौती भने यथावत नै रहेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको कात्तिकसम्मको वस्तु व्यापारको स्थिति** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८२

## सेवा व्यापार


५०. आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु.७३ अर्ब ५१ करोडको तुलनामा १३.३ प्रतिशतले वृद्धि भई रु.८३ अर्ब २६ करोड पुगेको छ। यस अवधिको कुल सेवा खर्च गत वर्षको सोही अवधिको रु.९५ अर्ब ८८ करोडको तुलनामा २१.२ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १६ अर्ब १७ करोड पुगेको छ।

५१. आर्थिक वर्ष २०८२/८३ को कात्तिकसम्म खुद सेवा आय रू.४८ अर्ब ५९ करोड घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू.४० अर्ब ८५ करोड घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

५२. पछिल्ला वर्षमा विप्रेषण आप्रवाहमा निरन्तर वृद्धि हुँदै गएको छ। चालु आर्थिक वर्षको पहिलो चार महिनामा विप्रेषण आप्रवाह रू.६ खर्ब ८७ अर्ब १३ करोड (अमेरिकी डलर ४ अर्ब ८८ करोड) पुगेको छ। यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैयामा ३१.४ प्रतिशत र अमेरिकी डलरमा २५.३ प्रतिशतले बढेको छ।

**चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको कात्तिकसम्मको विप्रेषण आप्रवाहको प्रवृत्ति र वृद्धिदर**





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

५३. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १ लाख ४७ हजार ४ सय ७८ को तुलनामा १.० प्रतिशतले कमी आई १ लाख ४५ हजार ९ सय ७३ रहेको छ। यस अवधिमा वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या भने गत आर्थिक वर्षको सोही अवधिको ९४ हजार १ सय ५ तुलनामा ३५.८ प्रतिशतले वृद्धि भई १ लाख २७ हजार ८ सय ३७ पुगेको छ। समग्रमा यस अवधिमा वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने कुल नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको २ लाख ४१ हजार ५ सय ८३ को तुलनामा १३.३ प्रतिशतले वृद्धि भई २ लाख ७३ हजार ८ सय १० पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

५४. पछिल्ला वर्षमा चालु खाता र शोधनान्तर स्थिति बचतमा निरन्तर सुधार भएको छ। विगतका वर्षमा समेत चाप रहेको उक्त सूचक २०७८/७९ मा उच्च घाटामा रहेको थियो । आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहेको छ।

चार्ट (झ): पछिल्लो १० आर्थिक वर्षको कात्तिकसम्मको चालु खाता र शोधनान्तर स्थिति (रु.अर्बमा)





स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

५५. आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा चालु खाता बचत अघिल्लो आर्थिक वर्षको वचत रू.१ खर्ब ४७ अर्ब ७८ करोडको तुलनामा ८९.२ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७९ अर्ब ६५ करोड पुगेको छ। त्यसैगरी यस अवधिको शोधनान्तर स्थिति रु.३ खर्ब १८ अर्ब ४० करोडले बचतमा रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५४.७ प्रतिशतले बढी हो।

## विदेशी विनिमय सञ्चिति

५६. आर्थिक वर्ष २०७७/७८ को कात्तिक मसान्तमा विदेशी विनिमय सञ्चिति न्यून रहेकोमा बाह्य क्षेत्र सुधारका कदमबाट उक्त सञ्चितिमा सुधार हुँदै गएको छ। २०८२ कात्तिक मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८२ असारमसान्तको तुलनामा १४.१ प्रतिशत र २०८१ कात्तिक मसान्तको तुलनामा ३५.५ प्रतिशतले बढेर रू.३० खर्ब ५५ अर्ब ५२ करोड पुगेको छ। अमेरिकी डलरमा, यस्तो सञ्चिति २०८२ असार मसान्तको तुलनामा १०.३ प्रतिशतले बढेर २१ अर्ब ५२ करोड पुगेको छ।

चार्ट (ञ): पछिल्लो दश आर्थिक वर्षको कात्तिकमसान्तको विदेशी मुद्रा सञ्चिति (रु.अर्बमा) र सञ्चिति पर्याप्तता सूचकाङ्क (महिनामा)





स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

५७. आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०.८ महिनाको वस्तु आयात तथा १७.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सञ्चिति पर्याप्तता क्रमशः १८.१ महिनाको वस्तु आयात र १५.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त थियो।

## विनिमय दर

५८. २०८२ असार मसान्तको तुलनामा २०८२ कात्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ३.३ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४१.७० पुगेको छ। २०८२ असार मसान्तमा यस्तो विनिमय दर रु.१३७.०० रहेको थियो। पछिल्लो १० आर्थिक वर्षको कात्तिकमसान्तको विनिमय दरको स्थिति हेर्दा २०७५ कात्तिकमसान्तमा बाहेक अमेरिकी डलरसँग नेपाली रुपैया हरेक वर्ष अवमूल्यन हुँदै गएको छ।

**चार्ट (ट): पछिल्लो दशकको कात्तिकमसान्तको खरिद विनिमय दरको प्रवृत्ति** (अमेरिकी डलर १ = ... नेपाली रुपैया)





स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## पर्यटक आगमन

५९. सन् २०२५ को नोभेम्बरसम्म (२०२५ को ११ महिनाको) अवधिमा नेपाल आएका पर्यटकको सङ्ख्या सन् २०२४ को सोही अवधिको तुलनामा ०.४ प्रतिशतले वृद्धि भई आई १० लाख ६० हजार नाघेको छ। सन् २०२४ को सोही अवधिमा यस्तो सङ्ख्या १० लाख ५६ हजार रहेको थियो। कोभिड-१९ को प्रभावस्वरुप खस्केको पर्यटक आगमन अझै कोभिडपूर्वको अवस्थामा पुगिसकेको छैन।

**चार्ट (ठ): पछिल्लो १० वर्षको जनवरीदेखि नोभेम्बरसम्म नेपाल भित्रिएका पर्यटकको सङ्ख्या (हजारमा) र वृद्धिदर (प्रतिशतमा)**




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

६०. आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा भ्रमण आय ०.९ प्रतिशतले वृद्धि भई रु.२७ अर्ब १५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो आय ४.० प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ९० करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा ११.८ प्रतिशतले वृद्धि भई रु.७५ अर्ब ७४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो व्यय रु.६७ अर्ब ७५ करोड रहेको थियो।

६१. यस अवधिको भ्रमण व्ययमध्ये वैदेशिक अध्ययनमा गएका विद्यार्थीले ६३.७ प्रतिशत रकम लगेका छन्। जुन रु.४८ अर्ब २५ करोड ६० लाख बराबर रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.३७ अर्ब ७६ करोड ७३ लाख रहेको थियो।

६२. चालु आर्थिक वर्षको पहिलो चार महिनामा शिक्षा क्षेत्रमा रु. १ अर्ब २० करोड ८ लाख रकम भित्रिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. १ अर्ब ७९ करोड २ लाख रहेको थियो।

## बीमा क्षेत्र

६३. बीमा क्षेत्रका परिसूचक सकारात्मक छन्। चालु आर्थिक वर्षको कात्तिकसम्म सक्रिय जीवन बीमालेख सङ्ख्या १६.४ प्रतिशतले वृद्धि भई १ करोड ६० लाख ६३ हजार ४ सय ७८ पुगेको छ। यस अवधिमा निर्जीवन बीमालेख सङ्ख्या समेत ५.८ प्रतिशतले वृद्धि भएको छ। कुल बीमालेख सङ्ख्यामध्ये जीवन बीमाको हिस्सा ९४.० प्रतिशत रहेको छ।

६४. २०८२ कात्तिकसम्म म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४९.५ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसङ्ख्या ४२.९ प्रतिशत रहेको थियो।


६५. आर्थिक वर्ष २०८२/८३ को कात्तिकसम्म सङ्कलन भएको बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.५ प्रतिशतले वृद्धि भई रु.७९ अर्ब ९४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन रू.६८ अर्ब ६ करोड रहेको थियो।

६६. यस अवधिको बीमा प्रिमियम सङ्कलनमध्ये जीवन बीमा र निर्जिवन बीमातर्फ सङ्कलित प्रिमियमको हिस्सा क्रमशः ७९.७ प्रतिशत र २०.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको कात्तिकसम्म यस्तो हिस्सा क्रमशः ७८.९ प्रतिशत र २१.१ प्रतिशत रहेको थियो।

## पुँजी बजार

६७. २०८२ कात्तिकमा नेप्से सूचकाङ्क घटेको छ। २०८१ कात्तिकमसान्तमा २७४८.७९ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८२ को सोही अवधिमा २५४०.५८ विन्दु कायम भएको छ। वार्षिक विन्दुगत आधारमा २०८२ कात्तिक मसान्तमा धितोपत्र बजार पुँजीकरण २.५ प्रतिशतले सङ्कुचन भई रु.४२ खर्ब ६५ अर्ब ६८ करोड रहेको छ। २०८१ कात्तिक मसान्तमा धितोपत्र बजार पुँजीकरण ५३.४ प्रतिशतले वृद्धि भई रु.४३ खर्ब ७६ अर्ब ९० करोड पुगेको थियो। पछिल्लो राजनीतिक घटनाक्रमको कारण पुँजीबजारमा दबाव सिर्जना भएको हो।


चार्ट (ड): पछिल्लो ५ वर्षको कात्तिक मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२।

६८. यस महिनामा धितोपत्र कारोबार भएको पहिलो दिन कात्तिक २ गते २५०३.८५ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावका बीच महिनाको अन्तिम कारोवार भएको दिन कात्तिक ३० गते २५४०.५८ विन्दु कायम भएको छ। यस महिनामा धितोपत्र कारोबार भएको दिनमध्ये कात्तिक १६ गते नेप्से सबैभन्दा बढी २६३१.१४ बिन्दुमा पुगेको थियो।

चार्ट (ढ): २०८२ कात्तिक महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२।